मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर २१ गते आइतबार ❑ 7 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## नागरिकको जीवनस्तर उठाउने विकास आजको आवश्यकता हो: राष्ट्रपति

**रासस**
काठमाडौं, २० मंसिर

राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वाधार निर्माणमात्र नभइ नागरिकको जीवनस्तरमा सुधार ल्याउने विकास आजको आवश्यकता भएको बताउनुभएको छ।

ललितपुर महानगरको नवनिर्मित भवनको शनिबार आयोजित विशेष समारोहमा उद्घाटन गर्दै उहाँले प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गनेतर्फ सबै निकाय सचेत हुनुपर्नेमा जोड दिनुभयो।



जनताका गुनासा सुन्ने र तिनलाई सम्बोधन गर्नु हरेक राष्ट्रसेवकको दायित्व भएको उहाँले बताउनुभयो।

"लोकतन्त्र केबल शासन व्यवस्था मात्र होइन यो लोकको आवाज सुन्ने र उनीहरूको चाहनाअनुरुप काम गर्ने पद्धति हो। नयाँ पुस्ताको यो चाहना बुझेर राजनीतिक नेतृत्वले त्यसैअनुसार आफूलाई रुपान्तण गर्नुपर्छ", नयाँ पुस्ताको चाहना सुशासन भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो।

उहाँले संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै विकासको युगीन अभिभारा पूरा गर्ने युवा पुस्ताको चाहनालाई पूरा गर्न तथा देशको वर्तमान परिस्थितिलाई निकास दिन आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल बनाउन पनि आह्वान गनुभयो।

## कोरी डाँडामा अस्थायी संरचना निरीक्षण, वातावरण संरक्षण र व्यवस्थित पर्यटनमा जोड

**दीननाथ बराल**
पोखरा, २० मंसिर

कास्कीको मादी गाउँपालिका-१ स्थित कोरी पद मार्गमा पने सार्वजनिक जग्गामा निर्माण भएका अस्थायी संरचनाहरूको स्थलगत निरीक्षण गरिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप, जनप्रतिनिधि तथा स्थानीय प्रतिनिधिहरूको संयुक्त टोलीले हालै कोरी पद मार्ग क्षेत्रको निरिक्षण गरेको हो।

निरीक्षण टोलीमा एक्याप कार्यालयका आयोजना प्रमुख डा. रविन कडरिया, मादी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष देबीजंग गुरुङ, एक्याप सिक्लेस प्रमुख संग्राम कार्की, एक्यापका प्राविधिक रामजी आचार्य तथा स्थानीय पर्यटन व्यवसायीहरू सहभागी हुनु भएको थियो। टोली कोरी डाँडासम्म पुगेर अवलोकन तथा छलफल गरी केही निर्णयहरु समेत गरेको मादी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष देबीजंग गुरुङले बताउनु भयो।

नयाँ संरचना निर्माणका लागि जारी गरिएको निर्देशिका लागू नहुँदासम्म अस्थायी संरचना थप नगर्ने, जोखिमयुक्त संरचनाहरूको व्यवस्थापन तथा आवश्यक सुधार गर्ने, स्थापनलाई कडाइ गर्नेसहित सिसाको बोतल र प्लास्टिक सामग्री पूर्ण रूपमा निषेध गर्ने, वातावरणमैत्री सेवा-सुविधा प्रवर्द्धन गर्ने, पर्यटन व्यवसायीहरूबीच स्वस्थ प्रतिस्पर्धा सुनिश्चित गर्ने बिषयमा निरिक्षण पश्चात उक्त निर्णय भएको आयोजना प्रमुख डा. रविन कडरियाले बताउनु भयो। सिक्लेस पर्यटन केन्द्रका रूपमा तीव्र रूपमा विकसित हुँदै गएपछि यसको महत्वपूर्ण गन्तव्य–कोरी डाँडा–संरक्षण र व्यवस्थापनमा सबैको ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो। सिक्लेसबाट दुई दिनको पदमार्ग यात्रा गरी पुगिने कोरी डाँडा समुद्री सतहदेखि ३,९५० मिटर उचाइमा रहेर अत्यन्त मनमोहक दृश्यावली प्रदान गर्ने स्थानका रूपमा परिचित रहेको उहाँले जनाउनु भयो। कोरी डाँडाबाट माछापुच्छे, अन्नपूर्ण, लमजुङ हिमालसहितका हिमशृङ्खलाको आकर्षक दृश्यावलोकन गर्न सकिन्छ। त्यहाँबाट लमजुङका प्रमुख गन्तव्यहरू–दुधपोखरीदेखि भुजुङ–र मनाङको चामेसम्म पनि पदमार्ग हुँदै पुग्न सकिन्छ। हाल मोटर बाटो विस्तारसँगै धेरै पदमार्गहरू विस्थापित भइरहेका परिस्थितिमा पनि सिक्लेस-कोरी डाँडा मार्ग अझै सुरक्षित र मौलिक पदयात्रा मार्गको रूपमा सुरक्षित रहेको डा. कडेरियाले बताउनुभयो। विज्ञहरूले पनि नेपाल आउने पर्यटकलाई गाउँघर डुल्ने दिनसंख्या बढाउन सकिने खालका पदमार्गलाई संरक्षण गर्न सके पर्यटनबाट मुलुकले ठूलो आर्थिक फाइदा लिन सकिने धारणा राख्दै आउनु भएको छ। पोखराबाट छोटो ६ दिनको कोरी डाँडा ट्रेक लोकप्रिय, नयाँ गन्तव्यका रूपमा आकर्षण बढ्दै गएको मार्दी गाउँपालिका १ का वडा अध्यक्ष दे

बाँकी अन्तिम पृष्ठमा ▶▶




## निर्वाचन आयोगद्वारा राजनीतिक दललाई २० बुँदे निर्देशन

**रासस**
काठमाडौं, २० मंसिर

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ।

आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ। प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले निर्देशन दिएको छ। निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो। निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाई नघटने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्‍याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ।

यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन।

मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ। महिला, दलित वा अल्पसङ्ख्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एक तिहाई महिला र नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ। राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चितता गर्नुपर्नेछ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचार प्रसार गर्न पाइने छैन।

राजनीतिक दलले सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ। राजनीतिक दलले निर्वाचनको प्रचारप्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशीता, निर्वाचनको महत्व र मतदान गर्ने तरीकालगायतका विषयमा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विवाहको रौनकसँगैं जनकल्याण जाने बाटोको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर

विहेको मौसमजस्तै रौनक। दौरा-सुरुवालमा सजिएका पुरुष, साडीमा सिंगारिएका महिला, हातमा चम्किलो थाली, छेउमै दमाहा, झ्याली, ट्याङ्को, नरसिंह, सनहीसहित गुन्जिएको पञ्चे बाजाको मंगल धुन।

पहिलो नजरमै दुलाहा कुरेर बसेको विवाह स्थलजस्तो वातावरण तर नत दुलाह त्यहाँ थिए, न विवाह, न पूजाआजा। त्यो भभ्यताको खुसी थियो पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण बरालद्वारा जनकल्याण समितितर्फ जाने ढलान बाटोको उद्घाटनको उत्सव। श्री जनकल्याण समितिको ४३ औं जन्मोत्सव दिवसको अवसरमा आयोजित स्वागत तथा बाटो उद्घाटन समारोहमा बाजागाजासहित अतिथिहरूको सम्मानपूर्ण यात्राले माहोल झनै उत्साहपूर्ण बनायो। आसन ग्रहणपछि उद्घाटन मन्तव्य राख्दै वडाध्यक्ष बरालले समितिलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा उपस्थित सयौं भीडलाई व्यवस्थित रूपमा स्वागत र समन्वय गर्ने भूमिका समितिकी महासचिव शान्ति देवी पौडेल (केसी)ले निभाइन्। वाटो उद्घाटनको कार्यक्रम पछि महासचिव केसीले सञ्चालन गर्दै सुरुवातमा अतिथिहरूलाई स्व.सूर्यबहादुर केसीको स्मृतिमा निर्मित ट्रस उद्घाटनमा निम्त्याइन्। त्यसपछि मन्दिरमा स्वस्तिवाचन तथा मञ्चमा आसन ग्रहणका लागि सबै मान्यजनहरूलाई अनुरोध गरिन्। कार्यक्रममा चर्चित लोक गायक अमर धिताल र कलाकार ममता तामाङले गित तथा नृत्य प्रस्तुतीले सवैलाई मन्त्रमुग्ध पारेको थियो। सोही दिन भएको विविध सांस्कृतिक कार्यक्रम साथमा २१ औं विविध सम्मान कार्यक्रम भव्यतका साथ सम्पन्न भयो। कार्यक्रममा ७० बर्ष पुरा भएका लाई स्व. रेशम बहादुर स्मृति समानमा छ जना व्यक्तिहरु, एस ई ई मा उत्कृष्ट भएकालाई रामलक्ष्मी शैक्षिक पुरस्कार दुई जनालाई, १०+२ एस एलसीमा उत्कृष्ट ल्याउने बिन्देश्वरी मिथिला झा शैक्षिक पुरस्कारवाट एक जनालाई मिलेर गरौ उच्च शिक्षा सम्मानमा दुई जना, भौतिक निर्माणमा सहयोग गर्नै बिभिन्न व्यक्तिहरुलाई सम्मान, नयाँ आजिबन सदस्यहरु दुई जनाको सम्मान एवं स्वगत गरिएको थियो। समितिका अध्यक्ष शिब बहादुर केसीको अध्यक्षतामा भएको कार्यक्रममा सम्पूर्ण टोलबिकासको तर्फवाट सुनडाँडा टोल बिकाश संस्थाका अध्यक्ष शम्भु बराल, कोन सामुदायिक बचत तथा ऋण सहकारी सस्थ लि.का अध्यक्ष माधवप्रसाद सिग्देल र व्यवसायी तेज बहादुर बाँनिया लगायत वोलेको कार्यक्रममा समितिका प्रथम उपाध्यक्ष कृष्णराज गौतमले स्वागत, कार्यक्रम संयोजक एवं द्धित्तिय उपाध्यक्ष खेम भट्टराई लगायत वोलेका समितिका सल्लाहकार कुमर केसीले पोखरापत्रलाई वताए।




सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपालको विकास योजनामा 'स्थानिक चिन्तन' को अभाव

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर

नेपालको विकास निर्माण र योजना तर्जुमा प्रक्रियामा 'स्थानिक चिन्तन' को अभाव रहेको सरोकारवालाहरूले औंल्याएका छन् ।

लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर मातहतको समाज विज्ञान केन्द्रद्वारा शनिबार पोखरामा आयोजित 'कचहरी' कार्यक्रममा बोल्ने वक्ताहरूले स्थान विशेषको भूगोल र आवश्यकता नबुझी गरिने विकासले अपेक्षित नतिजा दिन नसकेको निष्कर्ष निकालेका हुन् ।




कार्यक्रममा अवधारणा पत्र प्रस्तुत गर्दै त्रिभुवन विश्वविद्यालयका अवकाशप्राप्त प्राध्यापक डा. कृष्णप्रसाद पौड्यालले नेपालको योजना प्रक्रियामा क्षेत्रगत चिन्तनको कमी रहेको बताए । डा. पौड्यालले स्थान, दूरी, दिशा, आकार र ढाँचाजस्ता अवधारणाहरू प्रयोग गरेर गरिने मानसिक चित्रण नै स्थानिक चिन्तन भएको स्पष्ट पारे । 'स्पेस वा स्थानको अर्थ नबुझी गरिने योजना अधुरो हुन्छ, विकास हुनका लागि आर्थिक भूगोलका तीन आयाम अर्थात् घनत्व, दूरी र विभाजनमा रूपान्तरण हुन आवश्यक छ,' उनले भने ।

नेपालका आवधिक योजनाहरूमा समानता र सामाजिक न्यायका विषय समेटिए पनि 'स्थान' को अवधारणालाई प्राथमिकता नदिइएको डा. पौड्यालको भनाइ थियो । सन् १९९० अघि क्षेत्रीय विकासको अवधारणा केही हदसम्म लागु भए पनि पछिल्ला दिनमा 'कहाँ' भन्ने प्रश्नको उत्तर खोज्ने कार्यान्वयन पक्ष कमजोर भएको उनले जिकिर गरे । उनले स्रोत साधनको तार्किक वितरण र सामाजिक न्यायका लागि 'स्थानिक तथ्यांक' र नक्सांकन अनिवार्य रहेकोमा जोड दिए ।

अवधारणा पत्रमाथि टिप्पणी गर्दै पृथ्वीनारायण क्याम्पसका समाजशास्त्र उपप्राध्यापक मुकुन्द लम्सालले उपलब्ध स्रोतको पहिचान र प्रयोग गरी विकास गरिनुपर्ने बताए । क्षेत्रगत विकास भूगोलमात्र नभई सामाजिक विषयवस्तु पनि भएको उनको भनाइ थियो । यस्तै, प्राडा कृष्ण केसीले अर्थशास्त्रमा पैसा प्रधान भएजस्तै भूगोलमा 'क्षेत्र' प्रधान हुने बताए । २०२८ सालको रिजनल प्लानिङले सन्तुलित विकासको अवधारणा ल्याए पनि अहिले त्यो ओझेलमा परेको भन्दै उनले रित्तो गाउँमा विकास थुपार्नुभन्दा स्थानीयको आवश्यकता पहिचान गर्नुपर्नेमा जोड दिए ।

डा. लोकरञ्जन पराजुलीले कागजमा योजनाहरू राम्रा देखिए पनि व्यवहारमा उतार्न नसक्नु विडम्बनापूर्ण रहेको बताए । उपप्राध्यापक पूर्णबहादुर खाणले अर्थशास्त्रको सीमान्तिकृत सिद्धान्त अनुसार जहाँ असमानता बढी छ, त्यहाँ राज्यले लगानी बढाउनुपर्ने धारणा राखे । उनले विकास योजनामा जनसंख्या र भूगोललाई सँगै राखेर नहेरिएको गुनासो गरे ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले आवश्यकता र विकासबिच तालमेल नमिलेको बताए । 'गाडीको भिडभाड हुने ठाउँमा सडक विस्तार हुँदैन, तर बस्ती कम भएका ठाउँमा फराकिलो बाटो बनेको छ,' उनले भने । राजनीतिकर्मी शारदाप्रसाद सुवेदीले विकास सहर केन्द्रित भएको र विदेशी सहायता लिँदा उनीहरूकै सर्त मान्नुपर्ने बाध्यता रहेको बताए ।

स्थानीय तहको अनुभव सुनाउँदै पोखरा महानगर-४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले महानगर बनाउँदा ग्रामीण भेगलाई गाभ्दा सन्तुलन बिग्रिएको र विकासमा कठिनाइ भएको बताए । रैथाने बस्तीभन्दा नयाँ बस्तीमा काम गर्न सहज भएको उनको अनुभव थियो । निवर्तमान वडाध्यक्ष शंकर बास्तोलाले पनि महानगरको सीमाङ्कन गर्दा भूगोलको ख्याल नगरिएको भन्दै राजनीतिक नेतृत्वले विज्ञको सल्लाह लिनुपर्ने सुझाव दिए ।

छलफलमा डा. रामजी पोखरेलले कुन ठाउँमा कुन मोडेल उपयुक्त हुन्छ भन्ने निर्क्योल गर्नु नै क्षेत्रगत विकास भएको भन्दै 'बटम अप एप्रोच' मा जोड दिए । स्ट्रगल रानाले भूगोलभन्दा मानव केन्द्रित विकास आवश्यक रहेको औंल्याए । इन्जिनियर कौशलचन्द्र जिसीले विकासका लागि व्यवस्थित सोचको अभाव रहेको बताए भने समाजशास्त्री भीम न्यौपानेले परिवर्तित अवस्थामा विकासको परिभाषा र ढाँचाबारे पुनर्विचार गरिनुपर्ने विचार व्यक्त गरे ।

कार्यक्रममा गोमा क्षत्री, राधाकृष्ण लामिछाने, प्राडा ज्ञानबहादुर कार्की र पत्रकार ओम हमाल लगायतले छलफलमा भाग लिएका थिए ।

कलेजको परम्परा अनुसार कार्यक्रममा सबैभन्दा पहिले उपस्थित हुने सहभागीलाई अध्यक्षता गराउने चलन अनुरुप राजबहादुर रोकायाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । बिएसडब्लु चौथो वर्षकी विद्यार्थी सम्झना भट्टराईले सञ्चालन गरेको उक्त कार्यक्रम निर्धारित दुई घण्टाको समयमा सम्पन्न भएको आयोजकले जनाएको छ ।

# लेकसाइडमा पार्किङ व्यवस्थापन गर्न बसलाई सडकमा पार्किङ गर्न रोक

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर

पोखराको पर्यटकी क्षेत्र लेकसाइडमा बढ्दो सवारीका कारण पर्यटकलाई अप्ठेरो परेपछि समाधानका लागि विभिन्न सामुदायीक सेवा केन्द्र एवंम सामुदायीक प्रहरी सेवा बैदामले छलफल गरेको छ ।

स्थानीय निकाए, सुरक्षा निकाए र सरोकारवालाहरु बिच भएको छलफलमा पहिलो चरणमा लेकसाइडका सडकमा बसलाई सडकमा पार्किङ गर्न रोक लगाउने भएको छ ।



ठुला सवारी साधानहरुलाई पोखराको पर्यटन बसपार्क, बाराही घाट र क्याम्पिनचोकमा अहिलेलाई राख्ने व्यवस्था गरेको सामुदायीक सेवा केन्द्र बैदामका अध्यक्ष ठाकुर बराललले जानकारी दिए । छलफलमा अहिले भ्रमण आउने बस र भारतीय नम्बरका बसहरु सडक मै पार्किङ गर्न गरेको बताउदै तिनलाई व्यवस्थीत गर्न सडकमा पार्किङ गर्न नदिने उनले बताए । उनले सडक सुरक्षा र व्यवस्थापनका लागी कार्यदल निर्माण गरी दिर्घकालिन समाधान खोजीने बताए ।

छलफलमा पोखरा महानगर पालिका वडा नम्बर ६ का अध्यक्ष विष्णुबहादुर भट्टराईले लेकसाइडको मुख्य सडक ठुला सवारी साधनहरु सडक छेउमै पार्किङ गर्दा सडकमा जाम हुने गरेको बताए । उनले त्यसलाई व्यवस्थीत गर्न ठुला सवारी साधनहरुलाई निश्चित ठाउँमा पार्किङ गर्नु पर्ने बताए । उनले सडक किनारको पार्किङलाई चरणबद्ध रूपमा हटाउने, वैकल्पिक पार्किङ क्षेत्र पहिचान गर्नु पर्ने बताए ।

वडा प्रहरी कार्यालय बैदामका डिएसपी नवराज भट्टराईले अव्यवस्थित पार्किङका कारण, सवारी आवागनमा अप्ठेरो परेको, दुर्घटनाहरु बढेका कारण सडकमा गरिने पार्किङलाई हटाउनु पने बताए । उनले सडकमा ठाउँ ठाउँमा ट्राफिक संकेत बोर्ड राख्न आवश्यक रहेको बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख सुजित कुमार देवकोटाले लेकसाइडका हल्नचोक देखी बाराहीचोक सम्म सवारी चाप बढी भएका कारण त्यस क्षेत्रमा पहिलो चरणमा एकतर्फि बनाउनु पर्ने, ठुला सवारीलाई पर्यटकलाई लैजान र ल्याउने काममा मात्रै प्रयोग गर्नुपने, मालसामन ओसारपसार गने सवारी साधनका लागि निश्चित सयम सिमा तोक्नु पर्ने बताए । कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले व्यवस्थीत पार्किङको व्यवस्थान नहुदाँ पर्यटकले सास्ती खेप्नु परेको बताए । उनले व्यवसायीले पनि आफ्नो ग्राहकका लागि पार्किङको व्यवस्था गर्नु पर्ने बताए । त्यसै गरी सामुदायक सेवा केन्द्र कास्कीका अध्यक्ष भिम पराजुलीले व्यवस्थीत पार्किङ, ट्राफिक संकेतहरुको व्यवास्था गर्नु पर्ने बताए ।

कार्यक्रममा सामुदायीक सेवा केन्द्र बैदामका संस्थापक अध्यक्ष मंगल नेपाली, नागरीक समाज कास्कीका प्रवक्ता गोकुल कार्की, फेवा ढुङ्गा व्यवसायी समितिका अध्यक्ष बलराम गिरी, नाट्टा गण्डकी प्रदेशकी उपाध्यक्ष संगिता पौडेल, पर्यटन व्यवसायी महिला संघ नेपालकी महासचिब शोभा अधिकारी पौडेल, सामुदायीक सेवा केन्द्र बैदामकी महासचिब शान्ता तिमिल्सिना, सदस्य अनिल थापा लगाएतले पर्यटक आवागमन बढेसँगै लेकसाइड क्षेत्रमा ट्राफिक चाप बढ्ने हुदाँ व्यवस्थीत गर्नु पर्नेमा जोडदिए । उनीहरुले एकतर्फी सवारी सञ्चालन, पार्किङ व्यवस्थापन लगाएतका ध्यान दिनुपर्ने बताए । लेकसाइडलाई केही वर्ष पहिले 'नो भेइकल जोन' बनाए पनि स्थानीयको विरोध पछि बन्द भएको थियो ।

# कोरियाका युल र नेपालकी शिवालीलाई दोहोरो उपाधि, शिवालीले रचिन इतिहास

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर

पोखरा, मंसिर २० - कोरियाका युल हो जुङ र नेपालकी शिवाली गुरुङले पोखरामा जारी आइटिएफ जे-३० टेनिस टुर सर्किट-१ अन्तर्गत सिंगल्स र डबल्सतर्फ दोहोरो उपाधि जित्दै ऐतिहासिक सफलता हात पारेका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगिताको ब्वाइज सिंगल्स फाइनलमा युल हो जुङले श्रीलंकाका गानुका फर्नान्डोलाई रोमाञ्चक टाइब्रेकमा ६-२, ६-७(७) ले पराजित गर्दै उपाधि जिते । गर्ल्स सिंगल्सतर्फ नेपालकी शिवाली गुरुङले ताइपेइकी के-ची सुलाई ६-२, ६-२ को सोझो सेटमा हराउँदै उपाधि हात पारिन् । डबल्सतर्फ पनि युल र शिवाली दुबै विजेता बने । ब्वाइज डबल्समा कोरियाका हियोजिन हार युल हो जुङको जोडीले भारतका फजल अली मिर र हङकङका सेल्विन युएन वङको जोडीलाई ३-६, ६-३, १०-८ ले हराउँदै उपाधि जित्यो । गर्ल्स डबल्समा शिवाली गुरुङ र के-ची सुको जोडीले भारतकी सौम्या चटर्जी र रञ्जना सग्रामलाई ६-२, ६-२ ले पराजित गर्दै उपाधि चुमे । पहिलो सर्किट अन्तर्गतका विजेताहरूलाई नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थ, कास्की टेनिस संघका निवर्तमान अध्यक्ष लोकबहादुर गुरुङ, सल्लाहकारद्वय गोपी भट्टराई र सूर्य बहादुर भुजेल, प्रथम उपाध्यक्ष नविन चालिसे र द्वितीय उपाध्यक्ष नविन श्रेष्ठ, सचिव भिष्मराज पौडेललगायतले मेडल तथा प्रमाणपत्र प्रदान गरेका थिए ।




टुर्नामेन्ट डाइरेक्टर अजय विष्टका अनुसार पहिलो सर्किट शनिबार सम्पन्न भएसँगै दोस्रो सर्किटको क्वालिफायर राउन्ड शनिबारबाटै सुरु भइसकेको छ भने मुख्य खेलहरू सोमबारबाट सुरु हुनेछन् ।

शिवालीले रचिन् नयाँ इतिहास

नेपाली जुनियर टेनिस खेलाडी शिवाली गुरुङले सबैभन्दा कम उमेरमा आइटिएफ जे-३० प्रतियोगिता जित्ने नेपाली खेलाडी बनेर इतिहास रचेकी छन् । भर्खर १४ वर्षमा प्रवेश गरेकी शिवालीले पहिलो पटक सिंगल्स र डबल्समा दोहोरो उपाधि जित्दै ३७ अंकसमेत प्राप्त गरेकी छन् । उनी अको महिना अस्ट्रेलियामा आयोजना हुने ग्राण्डस्लाम अस्ट्रेलियन ओपन इलाइट ट्रफी २०२६ मा सहभागी हुने पहिलो नेपाली खेलाडीसमेत बन्नेछिन् ।

मंसिर २७ गतेसम्म दुई साता लगातार सञ्चालन हुने आइटिएफ वर्ल्ड टेनिस टुर जे-३० सर्किट १ र २ मा १६ देशका ८० खेलाडीहरूको सहभागिता रहेको छ। जसमा ब्वाइजतर्फ ५५ र गर्ल्सतर्फ २५ जना खेलाडी सहभागी छन् । नेपालसहित भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, बंगलादेश, क्यानाडा, अस्ट्रेलिया, कोरिया, युके, सिङ्गापुर, मलेसिया, श्रीलंका, इजरायल र हङकङका खेलाडीहरूको उपस्थिति रहेको छ । १३ देखि १८ वर्ष उमेर समूहका खेलाडीबीच हुने प्रतियोगितामा सिंगल्स विजेताले ३०, उपविजेताले १८, सेमिफाइनलिस्टले ९, क्वार्टरफाइनलिस्टले ५ र प्रि-क्वार्टरफाइनलिस्टले २ अंक प्राप्त गर्नेछन् ।

त्यसैगरी डबल्सतर्फ विजेताले २५, उपविजेताले १३, सेमिफाइनलिस्टले ६ र क्वार्टर फाइनलिस्टले ३ अंक प्राप्त गने व्यवस्था छ । ब्वाइज र गर्ल्स सिंगल्स तथा डबल्स गरी चार इभेन्टमा सञ्चालन भइरहेको प्रतियोगिता सम्पन्न गर्न करिब १७ लाख ८७ हजार रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ। प्रतियोगितामा प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति कास्की, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशलगायतको सहकार्य रहेको कास्की टेनिस संघका सचिव भिष्मराज पौडेलले जानकारी दिए ।

## कोरी...

विजंग गुरुङले बताउनु भयो ।

अन्नपूर्ण क्षेत्रको नयाँ र सुन्दर पदयात्रा गन्तव्यका रूपमा परिचित कोरी डाँडा ट्रेक हालका दिनमा पर्यटकबीच आकर्षणको केन्द्र बनेको उहाँले जनाउनु भयो । पोखराबाट सुरु हुने ६ दिनको यो पदयात्रालाई "नयाँ रूपमा खुलेको ट्रेल" भनेर प्रचार गरिए पनि, सिक्लेस क्षेत्रमार्ग दशकौंदेखि पदयात्रीहरूको लोकप्रिय गन्तव्यको रूपमा रहिआएको छ ।

पोखराबाट करिब ४७ किलोमिटर जीपमार्गको यात्रा गरेर पुगिने सिक्लेस-नेपालका सबैभन्दा ठूला गुरुङ गाउँमध्ये एक-बाट यो पदयात्रा सुरु हुन्छ । पहिलो दिन गुरुङ परम्परागत घर-परिवारमा होमस्टे अनुभव प्राप्त हुन्छ भने त्यसपछि लज र क्याम्पमा बस्ने व्यवस्था हुन्छ । गुरुङ संस्कृतिको गहिरो परिचय, पहाडी बस्तीहरूको जीवनशैली र प्राकृतिक सौन्दर्यले यो यात्रा स्मरणीय बनाउने अध्यक्ष गुरुङले जनाउनु भयो । कोरी डाँडाबाट न्याम्ला पास हुँदै मनाङसम्म जाने पुरानो पदमार्ग पनि भेटिन्छ, जसले यो क्षेत्रलाई अको वैकल्पिक ट्रेकिङ हबका रूपमा विकास गर्ने सम्भावना देखाएको छ ।

## निर्वाचन ...

छ । राजनीतिक पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ । त्यस्तो आचारसंहिता पालना नगर्ने दलका पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दलको विधान बमोजिम कारवाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ । राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेश गरेपछि त्यसरी पेश गरेको वन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्नुपर्नेछ । राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवम् जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा बिभिन्न जात,जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिँसात्मककार्य गर्न बन्देज गरिएको छ । सरकारी, सार्वजनिक, सामुदायिक वा नीजि सम्पतिको तोडफोड हानि नोक्सानी वा क्षति पुर्‍याउने वा पुर्‍याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य नगर्ने र नगराउने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाइ आयोगमा पेश गर्ने र सो घोषणापत्रको आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनुपर्नेछ । यस्तै, दलले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई वाधा अरोध गर्ने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउने जस्ता अलोकतान्त्रिक कार्य गर्न पाइनेछैन ।

# रोसिङटनको अर्धशतकमा पोखरा आठ विकेटले विजयी

**रासस**
काठमाडौं, २० मंसिर

नेपाल प्रिमियर लिग (एनपिएल)को आजको खेलमा पोखरा एभेन्जर्सले एडम रोसिङटनको अर्धशतकको सहयोगमा चितवन राइनोजलाई आठ विकेटले पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा एक सय २१ रनको सामान्य लक्ष्य पोखराले १९ दशमलव ४ ओभरमा दुई विकेट गमाउँदै पूरा गऱ्यो ।

पोखराको जीतमा रोसिङटनले ४८ बल खेल्ने क्रममा पाँच छक्का र चार चौकाको सहयोगमा ६५ रन बनाए । प्रतियोगितामा पहिलो पटक अवसर पाएका अर्जुन कुमालले अविजित ४३ रन जोडे । उनले ५३ बल खेल्दै एक छक्का र दुई चौका प्रहार गरे ।

पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १२० रन मात्रै बनाउन सक्यो । चितवनका लागि देव खनालले सर्वाधिक ३५ र अल्पेश रामजानीले अविजित ३३ रन बनाए । पोखराका धनन्जय लक्षनले ३ विकेट लिए ।

लिग चरणको अन्तिम खेल आइतबार दिउँसो ३:३० बजे जनकपुर बोल्ट्स र कर्णाली याक्सबीच हुनेछ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# निर्वाचन आयोगको सक्रियता

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ। आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले निर्देशन दिएको छ। निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए। निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाई नघटने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम् लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।प्रत्यक्षमा महिलालाई उमेदवार बनाएमा प्रतिस्पर्धी क्षमता बढ्ने र पुरुष सरह नेतृत्वमा स्थापित हुनेछन् ।नेपालले दिगो विकास लक्ष्यमा गरेको प्रतिबद्धता अनुसार पनि विधायिकामा महिला प्रतिनिधित्व बढाउनु आवश्यक छ ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ । दलहरूलाई देशको कानुन र दलको विधानमा किटान नगरेसम्म महिला प्रतिनिधित्व बढ्दैन भन्ने बुझेर निर्वाचन आयोगले निर्देशन दिनु परेको हो । यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन ।मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ । महिला, दलित वा अल्पसंख्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एक तिहाई महिला र नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ । राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चितता गर्नुपर्नेछ ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार गर्न पाइने छैन । अरुको इज्जत , चरित्र र प्रतिष्ठामा चोट पुर्याउने काम रोक्न निर्वाचन आयोगको सक्रियता आवश्यक हुन्छ ।

राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेश गरेपछि त्यसरी पेश गरेको बन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्नुपर्नेछ । राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवम् जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात,जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिँसात्मककार्य गर्न बन्देज गरिएको छ । सरकारी, सार्वजनिक, सामुदायिक वा नीजि सम्पत्तिको तोडफोड हानि नोक्सानी वा क्षति पुर्याउने वा पुर्याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य नगर्ने र नगराउने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाइ आयोगमा पेश गर्ने र सो घोषणापत्रको आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनुपर्नेछ । यस्तै, दलले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई बाधा अरोध गर्ने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउने जस्ता अलोकतान्त्रिक कार्य गर्न पाइनेछैन ।यी राजनीतिक दलहरु बसेर बनाउनुपर्ने आचारसंहिता निर्वाचन आयोगले तयार गरेर रहनु जरुरी छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाव |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'कृषकलाई मौसमले ठग्दो रहेछ'

पोखरापत्र संवाददाता
दमौली, २० मंसिर

"पाँच वर्ष कतारमा काम गरेँ, त्यहाँ बस्दा सन्तुष्ट थिइन, अहिले घरमै बसेर सुन्तलाखेती गरिरहेको छु", व्यास नगरपालिका-१३ बेनीकोटका लेखबहादुर थापाले भन्नुभयो, "सुन्तलाखेतीबाटै घर खर्च चलाउन सहयोग पुगेको छ।"

छुट्टीमा घर आउँदा अरुले सुन्तला बेचेरै मनग्य आम्दानी गरेको देखेपछि आफू पनि सुन्तलाखेतीमा लागेको उहाँको भनाइ छ। विदेश गए पनि दुःख गर्नुपर्ने तर त्यहाँ दुःख स्वदेशमै गर्नसके केही होला की भनेर सुन्तलाखेतीमा लागेको थापाले बताउनुभयो ।

थापाले विदेशमा गएर परिश्रम गर्नुभन्दा स्वदेशमै पसिना बगाउन सके यहीँ आत्मसन्तुष्टि मिल्ने सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "मैले यस वर्ष रु तीन लाख ७० हजारको सुन्तला बिक्री गरेको छु । मेरो २५० बोट सुन्तला रहेको छ । यसलाई अझै विस्तार गर्नसके आम्दानी बढाउन सकिनेछ ।" थापाले यस वर्ष बेनीकोटमा सुन्तलामा रोग लागेका कारण उत्पादन कमी भएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँका केही ठाउँमा सुन्तलाका बोटमा रोग लाग्यो, बोट नै मर्न थाल्यो । कृषि ज्ञान केन्द्रबाट पनि आउनुभएको थियो, तर के रोग लाग्यो थाहा पाउन सकिएन।" कृषक गिरबहादुर आले पनि वैदेशिक रोजगारीबाट फर्किएर सुन्तलाखेती गरिरहनुभएको छ । उहाँले भन्नुभयो, "विदेश भन्दा पनि सबैको राम्रो कमाइ हुँदैन, विदेशमा गएर उमेर कटाउनुभन्दा सुन्तलाखेतीमा लाग्नुभन्दा केही राम्रो होला भनेर यसमै लागेको छु ।" उहाँले यस वर्ष साढे तीन लाख बढीको सुन्तला बिक्री गरेको जानकारी दिनुभयो । उहाँले विगतका वर्षभन्दा यस वर्ष सुन्तलामा उत्पादन कमी भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "जरो कुहिने रोग लाग्यो, जलवायु परिवर्तनको कारण हो की के हो । कृषकलाई मौसमले पनि ठग्दो रहेछ ।" अगुवा कृषक दलबहादुर थापाले यस वर्ष रु १६ लाखको सुन्तला बिक्री गरेको बताउनुभयो । उहाँले अघिल्लो वर्ष रु १३ लाखको सुन्तला बिक्री गर्नुभएको थियो । उहाँका अनुसार यहाँका १०० भन्दा बढी कृषक सुन्तलाखेतीमा लागेका छन् । यहाँका कृषकको मुख्य आम्दानी नै सुन्तला हो ।

उहाँले भन्नुभयो, "विगत केही वर्षदेखि यहाँका सुन्तला बोट मर्दै जान थालेको छ । कृषि प्राविधिक आएर हेरेर औषधि पनि सिफारिस गर्नुभयो, तर सुधार भएको छैन ।" थापाका अनुसार यहाँ उत्पादित सुन्तला काठमाडौँ कालीमाटीमा बिक्री गरिन्छ ।

बजारीकरणको कुनै समस्या नरहेको बताउँदै उहाँले भन्नुभयो, "प्रतिकेजी सुन्तला रु रु १०० सम्म बिक्री हुने गरेको छ । विगतका वर्षमा रु ९५ सम्म बेच्थ्यौँ, यो वर्ष मूल्य केही बढी पाएका छौँ ।" भिरालो जग्गा रहेकाले यहाँ अन्य खेती गर्न समस्या भएपछि कृषकहरू सुन्तलाखेतीमा लागेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मकै, कोदोखेती गर्न त मिल्छ, तर सुन्तला लगाउनका लागि उपयुक्त रहेकाले सबैजना सुन्तलाखेतीमै आबद्ध हुनुहुन्छ ।"

यहाँका कृषकले कम्तीमा २० देखि ८०० सम्म सुन्तलाका बोट लगाएका छन् । मङ्सिर महिनामा धान भित्र्याउने समय भए पनि यहाँका कृषकको मुख्य आम्दानीको स्रोत सुन्तला भएकाले कृषक यतिबेला सुन्तला टिप्न र बिक्री गर्न व्यस्त छन् । बेनीकोटका १०० घर सुन्तलाखेतीमा आबद्ध छन् । यहाँका कृषकले रु २० हजारदेखि रु १६ लाखसम्म आम्दानी गर्ने गरेका छन् । यहाँ प्रत्येक वर्ष कात्तिकदेखि मङ्सिर महिनामा सुन्तला टिपेर बिक्री गर्ने गरिन्छ । कृषक आफैँले सुन्तला बिक्री गर्नुपर्दा व्यास नगरपालिकाले प्रतिक्रेट रु दश कर लिने गरेको कृषकको गुनासो छ ।

# वालिङ-हुवास सडक कालोपत्र हुँदै

पोखरापत्र संवाददाता
पर्वत, २० मंसिर

दक्षिण पर्वतलाई स्याङ्जासँग जोड्ने वालिङ-हुवास सडकअन्तर्गत हुल्काङ-पियाखेत खण्डमा कालोपत्र गर्न थालिएको छ।

विसं २०४९ मा मार्ग विस्तार गरिएको भए पनि अहिलेसम्म कच्ची र जोखिमपूर्ण अवस्थामा रहेको सडक कालोपत्र गर्न थालिएको हो। वालिङ-हुवास सडकखण्डको पियाखेतदेखि हुल्काङ खण्डमा कालोपत्र विछ्याउन थालिएको सडक डिभिजन कार्यालय पोखराले जनाएको छ।

सङ्घीय सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत बहुवर्षीय आयोजनाअन्तर्गत चालु आर्थिक वर्षका लागि विनियोजित रु चार करोड बजेटबाट कालोपत्र गर्न थालिएको कार्यालयले जनाएको छ। छ मिटर चौडाइमा कालोपत्र गरिएको छ । पर्वत र स्याङ्जाको सिमाना चिसापानीदेखि डुम्रेभञ्ज्याङसम्मको भागस्तरोन्नति गर्न माघमा बजेट विनियोजन भएर काम सुरु भएको थियो । चिसापानीदेखि हुवास-त्रिवेणी-वहाकी-रानीपानीसम्मको सडक भने यसअघि नै कालोपत्र भइसकेको छ । गण्डकी प्रदेश सरकारअन्तर्गत रहेको पूर्वाधार विकास कार्यालयले उक्त सडक कालोपत्र गरेको हो । बाँकी रहेको डुम्रेभञ्ज्याङदेखिचिसापानी सडक कालोपत्र भएपछि दक्षिण पर्वतका बासिन्दालाई यात्रा गर्न सहज हुने भएको छ । यो सडकबाट पर्वतको पैँयु गाउँपालिकाका सात, विहादीका छ वटा वडाका साथै महाशिला र फलेवास नगरपालिकाका बासिन्दासमेत लाभान्वित हुने भएका छन् । सडक कालोपत्र भएपछि सिद्धार्थ राजमार्ग र कालीगण्डकी करिडोरबीच पनि सिधा सम्पर्क विस्तार हुनुका साथै वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न सकिने पैँयु वडा नं ५ चिसापानीका वडाध्यक्ष नारायण भुर्तेलले बताउनुभयो । झण्डै १६ किलोमिटर लामो वालिङ-हुवास सडक जीर्ण हुँदा यस क्षेत्रका बासिन्दालाई यात्रा गर्न घण्टौं समय र जोखिम मोल्नुपर्ने अवस्था रहेकामा अब भने सहज भएको अध्यक्ष भुर्तेलले बताउनुभयो ।

# मदिरा व्यवसायी समिति कास्कीको रक्तदान, ५० युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर




मदिरा व्यवसायी समिति कास्कीले आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ५० युनिट रगत संकलन भएको छ। रक्तदान कार्यक्रममा समितिमा आवद्ध व्यवसायी, शुभचिन्तक , नियममित रक्तदाताले रक्तदान गरेको समितिका कार्यसमिति सदस्य एवं कार्यक्रमका संयोजक सुदर्शन श्रेष्ठले जानकारी दिए।

समितिको सचिवालय पोखरा-८ सिमलचौरमा कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा नेपाल रेडक्रस सोसाईटि कास्कीका अध्यक्ष उर्मिला खड्का भण्डारीले मदिरा व्यवसायी समिति कास्कीका अध्यक्ष कृष्ण रानाभाटलाई ब्लड ब्याग हस्तान्तरण गरी रक्तदान कार्यक्रमको उद्घाटन गरेकी थिईन् । भण्डारीले रगतको मागलाई पुरा गर्न रेडक्रसले मात्र एक्लै केही गर्न नसक्ने बताउँदै सामाजिक संघसंस्थाले महत्वपूर्ण योगदान गर्दै आएको बताईन् । कार्यक्रममा मदिरा व्यवसायी समिति कास्कीका अध्यक्ष रानाभाटले सामाजिक सेवामा समिति निरन्तर सक्रिय रहदै आएको बताए । सामाजिक उत्तरदायित्व अन्तरगत हरेक वर्ष जस्तै रक्तदान कार्यक्रमको आयोजना गरिएको उनको भनाई थियो । मदिरा व्यवसायी महासंघका सल्लाहकार एवं मदिरा व्यवसायी समितित कास्कीका पूर्वअध्यक्ष/ सल्लाहकार तारानाथ ढुङ्गानाले व्यवसायसगै सामाजिक कार्यमा समेत समितिले महत्वपूर्ण कार्य गर्दै आएको स्मरण गरे । कार्यक्रममा मदिरा व्यवसायी समिति गण्डकीका अध्यक्ष गोविन्द केसि, समितिका निवर्तमान अध्यक्ष सुरेश घिमिरे, पूर्वअध्यक्ष एवं सल्लाहकार डिल्लीराम पनेरुले शुभकामना मन्तब्य राख्दै रक्तदान जस्तो महत्वपूर्ण कार्य गरेकोमा समितिलाई आगामी दिनमा पनि निरन्तर सामाजिक सेवामा लाग्न सुझाव दिए । रक्तदान कार्यक्रम समितिका वरिष्ठ उपाध्यक्ष नेत्र ढुङ्गानाको स्वागत मन्तब्य र महासचिव श्रीराम पोखरेलको संचालनमा सम्पन्न भएको थियो ।

# लेखनाथ महोत्सव सफल पार्न कस्सिए आमा समूह

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर




लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको २१ औं लेखनाथ महोत्सवको तयारी तीव्र पारिएको छ । महोत्सवलाई मध्यनजर गर्दै यस क्षेत्रमा रहेका संघसंस्था तथा महिला/आमा समूहको शनिबार बसेको भेलाले महोत्सव सफल पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा जोड दिए ।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशकी प्रेस रजिष्ट्रार विमला भण्डारीले लेखनाथ महोत्सव नेपालकै उत्कृष्ट महोत्सव भएको र महिला आमा समूहको सक्रियताका कारण लेखनाथ महोत्सवले उचाइ हासिल गरेको दावी गर्दै यसलाई आगामी दिनमा पनि जोगाएर लैजानुपर्ने वताएकी थिईन । उनले २९ वर्षे ईतिहासमा लेखनाथ उद्योग वाणिज्य संघले महिला नेतृत्व प्राप्त गरेकोमा यसको श्रेय यस क्षेत्रका महिलाहरु आमाहरुलाई जाने वताएकी थिईन । उनले १६ दिने लैगिक हिंसा विरुद्धको दिवसको सन्दर्भलाई ईगित गर्दै आजकल हिंसाको स्वरुप परिवर्तन भएको उल्लेख गर्दै त्यसप्रति सजग रहन र सहेन नबस्न सुझाव दिएकी थिईन । उनले महिला हिंसालाई जरैदेखी अन्य गर्नका लागी महिलाहरुलाई उद्यमशिलताको माध्यमबाट आत्मनिर्भर बनाउनुपर्ने वताएकी थिईन । कार्यक्रममा संघकी अध्यक्ष एवं महोत्सवकी मुल संयोजक जानुका पराजुलीले महोत्सवले सम्पूर्ण जातजाति, भाषाभाषी एवं समुदायका मानिसलाई एकैथलोमा जम्मा गरेर मौलिक संस्कार र संस्कृतिको जगेर्ना गर्ने काम गरेको बताइन् । उनले लेखनाथको पहिचान र यहाँ संचालन हुने जुनसुकै कार्यक्रम सफल हुनुमा यस क्षेत्रमा रहेका संघसंस्था तथा आमा समूहको सक्रिय सहभागिता र एकताबाट नै सम्भव भएको स्मरण गर्दै यसपालि पनि महोत्सव सफल हुने विश्वास व्यक्त गरेकी थिईन । पोखरा महानगरपालिका कार्यपालिका सदस्य निर्मला पौडेलले लेखनाथ हाम्रो पहिचान भएको र यसलाई जोगाउने एक मात्र संस्था लेखनाथ उद्योग वाणिज्य संघ र लेखनाथ महोत्सव भएको बताउँदै २१ औं संस्करणको लेखनाथ महोत्सवलाई एक मन र एकताका साथ सफल बनाउन महिला दिदीबहिनीले सहयोग पुऱ्याउनुपर्ने बताइन् । भेलाका सहभागी महिला/आमा समूहका अध्यक्ष एवं प्रतिनिधिहरुले महिलाहरुको व्यापक सहभागीतामा आयोजना हुने झाँकी र्‍याली र मातृशक्तिको सम्मानमा आयोजना गरिने रत्यौली प्रतियोगिता लगायतका विषयमा आफ्ना गुनासाहरु एवं जिज्ञासाहरु राखेका थिए भने महोत्सवलाई पुर्ण रुपमा सफल बनाउन आजैबाट तयारीमा लाग्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

महोत्सवकी महिला/आमा समूह परिचालन उपसमितिका संयोजक सन्ध्या दाहालको अध्यक्षतामा बसेको कार्यक्रमको सञ्चालन संघकी कार्यसमिति सदस्य एवं महिला विशेष कार्यक्रमकी संयोजक प्रतिक्षा रानाभाटले गरेकी थिइन् भने धन्यवाद ज्ञापन महिला उद्यमी समन्वय उप-समिति संयोजक शर्मिला श्रेष्ठले गरेकी थिइन् ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने पौष २ गतेदेखि १४ गतेसम्म सञ्चालन हुने महोत्सवलाई गुहलक्ष्मी यातायात कम्पनी प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा बिएलसि ग्रुप (नर्भिक हस्पिटल), पशुपति विस्कुट, हेटौडा डेरी र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड रहेको महोत्सवका प्रायोजक व्यवस्थापन उप-समितिका संयोजक विक्रम कर्माचार्यले जानकारी दिए ।

# केज फाइटको तयारी तिब्र, १२ लाख रुपैयाँभन्दा बढी पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

पोखरामा पहिलो पटक हुन लागेको केज फाइटको तयारी तिब्र पारिएको छ ।

पर्यटकीय राजधानी पोखरालाई थप नयाँ गन्तव्यको रुपमा स्थापित गर्नका लागि कन्टेन्डर फाइट सिरिजको तेस्रो संस्करणमा नयाँ विधा थप गरिएको हो । साक यान्त मुवाथाईको आयोजनामा हुन लागेको प्रतियोगिताका खेलाडीले विभिन्न विधामा गरि १२ लाख रुपैयाँ भन्दा बढि पुरस्कार प्राप्त गर्नेछन् ।

पुसको १२ गते हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल वारियर सिरिजले समेत सहकार्यमा हुन लागेको हो। फाइटको प्रवर्द्धन गर्दै पर्यटकलाई थप मनोरञ्जन दिनका लागि केज फाइटको आयोजना गर्न लागिएको हो । कार्यक्रम संयोजक तथा साक यान्त मुवाथाई नेपालका सञ्चालक खगेन्द्र छेत्रीका अनुसार प्रतियोगितामा नेपाल, भारत र श्रीलंकाका अनुभवी फाइटरहरू सहभागी हुनेछ । प्रतियोगितामा २५ वटा प्रोफेसनल फाइट राखिएको छ । खेलकुदमार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको छेत्रीले बताए । प्रतियोगिता खेल्नका लागि सबै फाइटर पुसको १० गते पोखरा आइपुग्नेछन् । पुस ११ गते तौल मापन र प्राविधिक प्रकृया पुरा हुनेछ भने १२ गते मुख्य इभेन्टको आयोजना हुनेछ। संयोजक छेत्रीका अनुसार यस्ता प्रतियोगिताले नेपाली फाइटरलाई अन्तर्राष्ट्रिय स्तरमा उदाउने महत्वपूर्ण आधार दिनेछ। 'रबिन्द्र ढाँट र सुस्मिता थापा जस्ता प्रतिभाशाली खेलाडीहरु यस्तै फाइटका कारण उदाएका छन, यो अवसर हो' उनले भने ।

क्षेत्रीका अनुसार सुस्मिता थापाले यस पटक मुख्य इभेन्टमा प्रतिस्पर्धा गर्नेछिन् । प्रतियोगिता सम्पन्न गर्न करिब २५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# एन प्याब्सनको फुटसल उपाधि न्यु ग्यालेक्सीलाई, क्रिकेट जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर



नेसनल प्याब्सन, कास्कीको आयोजनामा भएको फुटसल प्रतियोगिताको उपाधि न्यु ग्यालेक्सी माविले उपाधि चुमेको छ।

शनिबार भएको फाइनल खेलमा अक्सफोर्ड स्कुललाई ३-१ ले पराजित गर्दै न्यु ग्यालेक्सीले उपाधि चुमेको छ। अक्सफोर्डले भने उपविजेतामा चित्त बुझायो। प्रतियोगितामा कास्की मोर्डनाइज्ड एकेडेमी र श्री रत्नज्योति मावि तेस्रो भएको फुटसल प्रतियोगिताको संयोजक केशब शरण पौडेलले जानकारी दिए। यस अघि भएको प्रतियोगितामा न्यु ग्यालेक्सीले नेशल क्रियशनलाई ७-० ले, श्री रत्न ज्योतिले न्यू लेखनाथलाई २-० ले, कास्की मोडनाईज्डले गोर्खा इंगलिसलाई ५-० ले, न्यु ग्यालेक्सीले त्रिवेणीलाई ५-० ले असक्फोर्डले साइनिङ स्टारलाई टाई ब्रेकरमा ३-१ ले, अक्सफोर्डले कास्की मोर्डनाइज्डलाई १-० र न्यु ग्यालेक्सीले श्री रत्नज्योतिलाई ४-१ ले पराजित गरेको थियो। फुटसल तर्फ कक्षा ११ र १२ का विद्यार्थीले मात्र सहभागिता जनाएका थिए। विजेता टिमलाई मंसीर २६ गते समापनका दिन पुरस्कार प्रदान गरिने छ। त्यसैगरी शनिबार नै भएको क्रिकेट प्रतियोगिता तर्फको पहिलो खेल सिद्धार्थ लवडेल अल्फा एकेडेमीलाई २ विकेटले पराजित गरेको छ। टस जिते व्याटिङ गरेको अल्फाले १० ओभरमा ५९ रन बनाउदा जवाफी व्याटिङमा सिद्धार्थ लवडेल ९ पइन्ट ४ ओभरमा ८ विकेट क्षेतीमा ६० रन बनाएको थियो। दोस्रो खेलमा अञ्जुली वोर्डिङले गण्डकी एकेडेमी ९ विकेटले पराजित गरेको छ। टस जितेर फिल्डिङ गरेको गण्डकीले १० ओभरमा ४२ रन बनाउदा जवाफी व्याटिङमा अञ्जुलीले ५ ओभरमा १ विकेटको क्षतीमा ओभरमा ४३ रन बनाएको थियो।

तेस्रो खेलमा युनिभर्स बोर्डिङले सनराइजलाई ३ विकेटले पराजित गरेको छ। टस जितेर व्याटिङ रोजेको सनराईजले १० ओभरमा ५२ रन बनाउदा जावाफी व्याटिङमा युनिभर्सले ८ ओभरमा ७ विकेटको क्षतीमा ५३ रन बनाएको थियो। चौथो खेलमा ज्ञानज्योतिले कान्तिपुरलाई ७ विकेटले पराजित गरेको छ। टस जितेरफिल्डिङगरेकोज्ञानज्योतिले १० ओभरमा ५२ रन बनाउदा जवाफी व्याटिङमा ८ ओभरमा ७ विकेटको क्षतीमा ५३ रन बनाएको थियो। त्यसैगरी शनिबार भएको अन्तिम खेलमा हेम्जा बोर्डिङले श्री रत्न ज्योतिलाई १४ रन ले पराजित गरेको छ। टस जितेर व्याटिङ गरेको हेम्जाले १० ओभरमा ७० रन बनाउदा श्री रत्न ज्योतिले ९ पइन्ट १ ओभरमा अल आउट हुदै ५६ रन बनाएको थियो। आइतबार पहिलो गेम विहान ८ बजे अक्सफोर्ड र लाविन रेसिडेन्सियल बीच पहिलो खेल हुने क्रिकेट प्रतियोगिताको संयोजकमा ज्ञानेन्द्र बहादुर थापा जानकारी दिए। क्रिकेट तर्फ कक्षा १ देखि १० सम्मका विद्यार्थीले सहभागिता जनाएका थिए। यस वर्ष एन प्याब्सन कास्कीले दोस्रो बृहत बाल प्रतिभा पहिचान महोत्सव तथा खेलकुद प्रतियोगिता-२०८२ आयोजना गरेको छ।

बाल प्रतिभा पहिचान मंसिर २४ देखि २६ गते सम्म पोखरा प्रदर्शनी केन्द्र र खेलकुद प्रतियोगिता मंसिर २० देखि २३ गते सम्म पोखरा रङ्गशालामा हुनेछ। कार्यक्रमको औपचारिक उद्घाटन भने मंसिर २४ गते हुनेछ। प्रतियोगितामा एन प्याब्सन कास्कीमा आवद्ध विद्यालयका १ हजार ५ सय विद्यार्थीले विभिन्न विधामा प्रतिस्पर्धा गर्ने एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए। प्रतियोगितामा एन प्याब्सनमा आवद्ध ४३ वटा विद्यालयका विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन्। विजेता विद्यालय तथा विद्यार्थीलाई ट्रफि मेडल प्रदान गरिने छ। महोत्सव कास्की तथा छिमेकेकी जिल्लाका निजि तथा सामुदायिक विद्यालयका विद्यार्थी, अभिभावकले समेत अवलोकन गर्न सक्ने भएकाले सहभागिता व्यापक रहने अधिकारीले जानकारी दिए। बाल प्रतिभा पहिचान अन्तर्गत सामूहिक लोकनृत्य, एकल गायन, चित्रकला, कविता वाचन, अभिनय, विज्ञान तथा प्रविधि, हस्तकला अन्तर्गत पात, पराल र चोयाबाट निर्मित सामग्रीहरु, र अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगिता रहेको एन प्याब्सन कास्कीका अतिरिक्त क्रियाकलाप प्रमुख राजु कायस्थले जानकारी दिए। अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगितामा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले सहभागिता जनाउने छन् भने अन्य प्रतियोगितामा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको सहभागिता रहने एन प्याव्सन कास्कीका सचिव प्रेमराज अधिकारीले जानकारी दिए।

# गुप्तेश्वर क्याम्पसका एमबिएस विद्यार्थीको कालाबाङ्ग होमस्टे अध्ययन अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर



गुप्तेश्वर महादेवबहुमुखी क्याम्पसका व्यवस्थापन संकाय (एमबिएस) दोस्रो तथा चौथो सेमेस्टरकाविद्यार्थीहरूले पोखरा-२२, पुम्दीभुम्दी मा अवस्थित कालाबाङ्ग घरेडी सामुदायिक होमस्टे क्षेत्रमा अध्ययन अवलोकन भ्रमण शनिबार सम्पन्न गरेका छन्।

व्यवहारिक सिकाइका लागि आयोजना गरिएको भ्रमण मार्फत विद्यार्थीहरूले सामुदायिक पर्यटन, स्थानीय गतिविधि तथा होमस्टे सञ्चालनबारे प्रत्यक्ष अनुभव हासिल गरेका छन्। कालाबाङ्ग सामुदायिक होमस्टे घर नं. १ का सञ्चालक दम्पती नन्दा गुरुङ र रविन्द्र गुरुङले होमस्टेको स्थापना पृष्ठभूमि, संचालन प्रक्रियाका बारे जानकारी दिदै हाल १८ घरधुरी होमस्टे संचालन रहेको र यसमा मुख्यतः गुरुङ, ब्राह्मण र दलित घरधुरीहरु रहेको बताउनुभयो। होम स्टे संचालक नन्दा गुरुङ भन्नुहुन्छ, 'अहिले हामीलाई भ्याइनभ्याइ छ, हप्ता दिन अघि नै घर बुकिङ हुन्छ, फुर्सद नै पाइदैन। यहाँ पोखरा आसपासका जिल्ला सँगै विदेशीहरु पनि बस्न आउँछन्। यहाँको आतिथ्यतामा रमाउँछन्। हामी यसैमा सन्तुष्ट छौँ।' सामुदायिक होमस्टे सञ्चालनले स्थानीय क्षेत्रमा रोजगारी वृद्धि, आय-आर्जन विस्तार, पर्यटक आकर्षण तथा सांस्कृतिक जगेर्नामा महत्वपूर्ण योगदान पुगिरहेको उहाँको भनाई छ। त्यस्तै अर्का होमस्टे संचालक एवं एमबिएस दोस्रो बर्षमा अध्ययनरत सुजन पौडेल परिवार सँगै यस व्यवसायमा क्रियाशिल हुनुहुन्छ। अध्ययन सँगै आफ्नो उद्यमशीलतालाई पनि साथै लैजानु एउटा व्यवहारिक पक्ष रहेको उहाँको बुझाई छ। यसले युवाहरुलाई स्थानीयस्तरमा थप जिम्मेवार र व्यवहारिक बनाउनुका साथै स्वदेशमै रहेका अवसरहरुलाई सदुपयोगगर्नथपहौसलादिनेपौडेल बताउनुहुन्छ। त्यसैगरी गुप्तेश्वर क्याम्पसका आई.क्यू.ए.सी.प्रमुख राजकुमार सुवेदीले विद्यार्थीहरूको सीप र बुझाइ विस्तारमा यस्ता अध्ययन अवलोकनगतिविधि आवश्यक रहेको बताउनुभयो। कक्षामा प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारिक परिवेशसँग जोड्न यस किसिमका कार्यक्रम प्रभावकारी हुने उहाँको भनाई थियो। भ्रमणमा सहभागी विद्यार्थीहरूले पोखराबाट नजिक रहेको यस होम स्टे सामुदायिक पर्यटन, स्थानीय उद्यमशीलता र विकास मोडलको उदाहरण रहेको प्रतिक्रियादिएका छन्। विद्यार्थीहरुले भ्रमणका क्रममा कालाबङ्ग होम स्टेबाट करिब १० मिनेटको दुरीमा रहेको बिशाल बुद्ध पार्कको पनि अवलोकन गरेका छन्। उक्त पार्कबाट माछापुच्छे हिमालशृखला, पोखरा उपत्यका, फेवाताल, सराङकोट तथा नजिकका क्षेत्रहरुको समेत दृश्य अवलोकन गर्न सकिन्छ। पछिल्लो समय पोखराको घुम्न पर्ने स्थानको रुपमा यस बुद्ध पार्कलाई समेत लिइन्छ। जहाँ सार्वजानिक विदाको समय सयौँको संख्यामा पर्यटकहरु घुम्न आउने गर्दछन्। त्यस्तै होमस्टेमा आउने पाहुनाहरूलाई परम्परागत र गाउँ जस्तो वातावरण, स्थानीय खाना, सांस्कृतिक अनुभव र प्राकृतिक सुन्दरता प्रदान गर्नुका साथै गुरुङ समुदायको साँस्कृतिक भेषभुषा अहिले मुख्य आर्कषण नै बनेको छ।

# चिसो बढेसँगै माथिल्लो मुस्ताङको जनजिवन प्रभावित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० मंसिर

अत्यधिक चिसो बढेसँगै माथिल्लो मुस्ताङको जनजिवन प्रभावित बन्दै गएको छ। दिउँसो घाम लाग्दाको पारिलो समय केही न्यानो महशुस गरिए पनि बिहान र बेलुकीको समय चिसोले स्थानीयबासी तथा सुरक्षा निकाय र कर्मचारीको दैनिक जनजीवन कष्ठकर बन्न थालेको छ।

माथिल्लो मुस्ताङमा अत्यधिक चिसोका कारण बिहान र बेलुकीको तापक्रम माइनस १५ डिग्रीसम्म पुग्ने गरेको लोमान्थाङ-२ छोसेका वडाध्यक्ष कर्मा नाम्गेल गुरुङले जानकारी दिनुभयो। वडाध्यक्ष गुरुङका अनुसार अत्यधिक चिसोका कारण सिँचाइ कुलो, घरघरका धाराको पानी, शौचालयको सेफ्टी ट्याङ्की र शाखा नदीमा हिउँ जम्ने गरेको बताउनुभयो।

वडाध्यक्ष गुरुङले भन्नुभयो, "धाराबाट पानी झर्न बन्द भयो, दिउँसो घाम लाग्दा कुलोको पानी तताएर खानुपर्ने अवस्था छ।" घाम नलागेको अवस्थामा सिँचाइ कुलोको पानी ग्यास वा आगोमा तताएर खानुपर्ने बाध्यता रहेको वडाध्यक्ष गुरुङले बताउनुभयो। वडाध्यक्ष गुरुङले छोसेरमा खानेपानीका तीन ट्याङकी एकसाथ चालु राखिने भए पनि चिसोका कारण खानेपानीमा समस्या आएकाले आलोपालो सञ्चालन गर्न थालिएका बताउनुभयो।

यसपालि हिउँदयामको चिसो सुरु भएसँगै कात्तिक अगावै माथिल्लो मुस्ताङका अधिकाँश नागरिक बेसी झरेका वडाध्यक्ष गुरुङले उल्लेख गर्नुभयो। गतवर्ष नाका पूर्ण रूपमा सञ्चालन नहुँदा यतिबेलासम्म गाउँका शतप्रतिशत नागरिक बेसी झर्ने गरेकामा यसपालि नाकाको व्यापारले करिव तीन सय बढी नागरिक यथास्थानमा बसेका वडाध्यक्ष गुरुङको भनाइ छ। यसैगरी माथिल्लो मुस्ताङको लामान्थाङमा पनि चिसोले नागरिक धमाधम बेसी झर्न थालेका स्थानीय पर्यटन व्यवसायी राम गुरुङले जानकारी दिनुभयो। लोमान्थाङमा पर्यटक लक्षित करिव दुई दर्जन बढी होटल सञ्चालनमा रहेकामा दुइतिहाई बढी होटल बन्द गरी बेसी झरिसकेको पर्यटन व्यवसायी गुरुङको भनाइ छ। लोमान्थाङमा एक हप्ताभित्र सञ्चालनमा रहेका होटल पनि चिसोका कारण बन्द हुने बताउनुभयो। "माथिल्लो मुस्ताङमा न्यून पर्यटक आइरहेका छन्, तर चिसोले जाडो छल्न स्थानीय बेसी झरिसके र झर्ने क्रममा छन", पर्यटन व्यवसायी गुरुङले भन्नुभयो, "स्थानीयवासी र पर्यटन व्यवसायी दुई महिनाका लागि धमाधम होटल बन्द गरेर बेसी झर्दैछन्, यहाँको जनजीवन पनि निकै कष्टकर भइरहेको छ।" माथिल्लो मुस्ताङमा अत्यधिक चिसोका कारण सिँचाइ कुलो जमेर घाम लाग्दा सिँचाइको पानी बाहिर बग्ने भएको र यसले विपद् निम्त्याउन सक्ने भएकाले सिँचाइको पानीको मुहान बन्द गरिएको लोमान्थाङका वडाध्यक्ष ढुक्के विष्टले जानकारी दिनुभयो। माथिल्लो मुस्ताङमा अत्यधिक चिसोका कारण विकास निर्माणलगायतका काम पुरै रोकिएका वडाध्यक्ष विष्टको भनाइ छ। माथिल्लो मुस्ताङमा अत्यधिक चिसो बढेपनि माथिल्लो मुस्ताङका प्रहरी एकाइ बेसीमा मर्ज नहुने जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। कोरलानाका सञ्चालनमा रहेका र भन्सार कार्यालयसमेत सञ्चालनमा रहेकाले सुरक्षा निकायले यथास्थान छोडेर जिल्ला मर्ज गर्न योजना नरहेको प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो। उहाँका अनुसार लोमान्थाङ गाउँपालिका अन्तर्गतका लोमान्थाङ, छोसेर र छोनुप र लोघेकर दामोदरकुण्ड गाउँपालिका अन्तर्गत चराङ, घमी र सुर्खाङका प्रहरी एकाइहरू हिउँदयामसमेत सोही स्थानमा रहेर सुरक्षा प्रदान गर्ने प्रहरी निरीक्षक बस्यालले बताउनुभयो। "भारी हिमपात र कुनै त्यस्तो विषम अवस्था आए मात्रै हामीले त्यहाँका एकाइलाई तल झार्छौं, चिसोकै कारण भनेर त्यहाँका प्रहरी एकाइलाई तल झार्ने कुनै योजना छैन", प्रहरी निरीक्षक बस्यालले भन्नुभयो।

# 'एक घर, एक धारा' कार्यक्रम कार्यान्वयन

**पोखरापत्र संवाददाता**
बागलुङ, २० मंसिर

अघिल्लो वर्षसम्म भलकोट र बुढाथोक गाउँमा खानेपानीको समस्या थियो। एउटा धाराबाट १० घर परिवारले पानी भर्नुपर्ने बाध्यता थियो। तर अहिले हरेकको घरमा धारा बनेका छन्। घरै छेउको धारामा पानी आउन थालेपछि स्थानीय दङ्ग छन्। बागलुङको निसीखोला गाउँपालिका-६ मा पर्ने यस गाउँमा एक घर, एक धारा बनेपछि स्थानीयको दैनिकी नै फेरिन थालेको छ।

पहिले एक गाग्री पानी भर्नका लागि घण्टौँ लाइन बस्नुपर्ने बाध्यता हटेको छ। भल्कोट र बुढाथोक गाउँका करिब १०० घरमा एक घर, एक धारा निर्माण भएर गरेर सञ्चानलमा आएपछि फोहर पानी उपभोग गर्न नपरेको स्थानीय पवित्रा घर्तीमगरले बताउनुभयो। वर्षौं अगाडि बनेका धाराबाट गाउँलाई पानी नपुग्दा खोला र कुलोबाट पानी भर्नु परेको भन्दै अहिले घरैकै धारामा पानी भर्न पाइने उहाँले सुनाउनुभयो। उहाँले भन्नुभयो, "खानेपानीको धेरै समस्या थियो, गाउँमा ठूलो बस्ती छ, दिनप्रति दिन मान्छे बढिरहेका छन्, पानी सुक्दै जाँदा धेरै समस्या भएको थियो, धारामा सानो पानी आउने, त्यसमा पनि धेरैले एकैपटक पानी भर्न खोज्दा लाइनमा बस्नुपर्थ्यो, सरसफाइ गर्न र बस्तुभाउ खुवाउनका लागि पनि गाह्रो थियो, अब त घरमै धारो बन्यो, पहिलेको जस्तो समस्या हुँदैन, यसको मर्मतसम्भार त निरन्तर गरिराख्नु पर्‍यो।" अर्का स्थानीय पुनीकला पुनले स्थानीयलाई खानेपानी लिन, नुहाउन र कपडा धुनका लागि निकै समस्या हुने गरेको भन्दै अहिले धेरै सहज भएको बताउनुभयो। अब घरमै धारा बनेपछि खानेपानीको समस्या समस्या नहुने उहाँको भनाइ छ। अहिले गाउँको कुनै पनि घरमा खानेपानीको समस्या नभएको घर्ती बताउनुहुन्छ।

स्थानीय सरकारले खानेपानीमा निकै राम्रो काम गरेको उहाँले सुनाउनुभयो। गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा)को सहलगानीमा यस गाउँमा एक घर, एक धारा सञ्चालनमा आएको हो। भल्कोट गाउँमा मोराखेला खानेपानी आयोजनामार्फत धारा निर्माण गरिएको हो। उक्त गाउँमा एक घर, एक धारा निर्माण गर्न नेवाको रु १३ लाख ३० हजार ११३, गाउँपालिकाको रु सात लाख सात ७७७ र जनश्रमदान रु आठ लाख छ हजार ३७१ गरी कूल रु २८ लाख ३७ हजार २६१ मा ५५ धारा निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले जानकारी दिनुभयो। भल्कोट गाउँमा चार हजार ९१५ मिटर टाढा रहेको मोराखोलाबाट पाइपलानमार्फत पानी लिएर घरघरमा पुर्‍याएको उहाँको भनाइ छ। बुढाथोकमा भने नेवाको रु ११ लाख ५५ हजार १५, गाउँपालिकाको रु छ लाख ६४ हजार ९५५ र जनश्रमदान रु छ लाख ५७ हजार ९०८ गरी कूल रु २४ लाख ७७ हजार ८७८ मा ३९ धारा निर्माण गरेको उहाँले जानकारी दिनुभयो। यस गाउँमा दुई सय मिटर लामो दूरीमा रहेका मुहानबाट पाइप लाइनमार्फत घरघरमा पानी पुर्‍याइएको अध्यक्ष घर्तीमगरले जानकारी दिनुभयो। "यस ठाउँका नागरिकलाई खानेपानीको ठूलो समस्या थियो, पहिले कम जनसङ्ख्या थियो, पुगेको थियो, पछि जनसङ्ख्या बढ्दै गएपछि पानीले पुग्न छोड्यो, सरसफाइ र अन्य प्रयोजनका लागि पानी नपुगेपछि हामीहरूले नेवा संस्थासँग सहकार्य गरेर अहिले धारा निर्माण गरेर सञ्चालनमा आएको छ", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "यस ठाउँबाहेक पानीको समस्या भएको अरु क्षेत्रमा पनि खानेपानीको आयोजना सञ्चालन भइरहेका छन्।"

# पार्टीको १५औँ महाधिवेशन र निर्वाचनको तयारी सँगसँगै: महामन्त्री थापा

**रासस**
काठमाडौं, २० मंसिर

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको आसन्न १५औँ महाधिवेशन र निर्वाचनको तयारी सँगसँगै अगाडि बढाइएको बताउनुभएको छ।

नेपाल प्रेस युनियन सर्लाहीले आज सदरमुकाम मलङ्गवामा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले कतिपय नेताले महाधिवेशनमा लाग्दा निर्वाचनको तयारी नपुग्ने हो कि भन्ने चिन्ता गरिरहेको भन्दै दुवै कार्यक्रमलाई सँगै अगाडि बढाइने बताउनुभएको हो।

महामन्त्री थापाले फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनअघि नै पार्टीको महाधिवेशन गर्ने वा नगर्ने बहसमा केही समय खेर गए पनि अब छोटो समयमा महाधिवेशन सम्पन्न गरेर निर्वाचनमा सरिक हुने निर्णय भइसकेकाले त्यसमा होमिन सबैलाई आग्रह गर्नुभयो। उहाँले फागुन २१ को निर्वाचनले संविधानमाथिको थप क्षति हुन नदिने बुझाइसहति पार्टीले निर्वाचनको बाटो रोजेको धारणा राख्नुभयो। महामन्त्री थापाले भन्नुभयो, "हामी फागुन २१ को निर्वाचनप्रति पूर्ण प्रतिबद्ध छौँ। अन्य दलहरू पनि तयार भइसकेकाले सरकारले सम्पूर्ण संशय हटाएर निर्वाचन गराउने गरी अघि बढ्नुपर्छ।

जेनजी प्रदर्शनपछि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार निर्वाचनका लागि चुनौती हुनसक्ने कुरा सरकारलाई अवगत गराइसकेका छौँ। सरकारले समयमै त्यस्ता आपराधिक गतिविधि नियन्त्रण गर्नुपर्छ।" उहाँले प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार राखेको सर्वदलीय बैठकमा पनि यस विषयमा ध्यानाकर्षण गराउनुका साथै सबै समूह र राजनीतिक दलले चुनावमा भाग लिन पाउनुपर्नेमा जोड दिइएको उल्लेख गर्नुभयो। महामन्त्री थापाले नयाँ नीति र सन्देशका साथ आफू सभापतिको उम्मेदवार हुने भन्दै नयाँ नेतृत्व चयनका लागि चाँडै नै देश दौडाहामा जाने बताउनुभयो। उहाँले आफू आगामी निर्वाचनमा पनि काठमाडौँबाटै प्रतिस्पर्धा गर्ने स्पष्ट पार्नुभयो।

# जेनजीले पुराना पार्टीलाई आत्मसमीक्षा गर्ने अवसर दिएका छन्: 'प्रचण्ड'

**रासस**
काठमाडौं, २० मंसिर

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले गणतन्त्रपछि पनि जनताको जीवनमा परिवर्तन नआएकाले जेनजी आन्दोलन भएको बताउनुभएको छ।

शनिबार जनकपुरधाममा आयोजित नेपाली कम्युनिष्ट पार्टी मधेश प्रदेशस्तरीय एकता सन्देशसभामा उहाँले जेनजीले पुरानो पार्टीलाई आत्मसमीक्षा गर्ने अवसर पनि दिएको उल्लेख गर्नुभयो। जनेजी आन्दोलनपछि समीक्षा गर्दै नयाँ ढङ्गले रुपान्तरणका साथ मुलुकको विकासमा लाग्न पार्टीहरुबीच बृहत एकता गरिएको उहाँको भनाइ छ। प्रचण्डले सबै जनताको एकताले मात्रै प्रतिगमन र प्रतिक्रियावादीलाई परास्त गर्दै मुलुकलाई अघि बढाउनु सकिने भन्दै त्यसको नेतृत्व नेकपाले गर्ने धारणा राख्नुभयो। नेपाली कम्युनिष्ट पार्टीका सह-संयोजक माधवकुमार नेपालले हजारौँको सङ्ख्यामा युवाहरु आफ्नो पार्टी प्रवेश गरेको दाबी गर्नुभयो। उहाँले पार्टी एकता भएपछि सबैतिर सकारात्मक सन्देश प्रवाह भएको बताउनुभयो। नेकपाले पार्टी एकताको सन्देश दिन विभिन्न प्रदेशमा सन्देशसभा गर्दै आएको छ। पार्टीले कर्णाली र काठमाडौँमा पनि एकता सन्देशसभाको आयोजना गर्ने जनाएको छ।